बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ
मन्त्री



"भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउने सम्बन्धमा सार्वजनिक अपिल"

नेपाल मौसम विज्ञान विभागले मिति २०८३ कार्तिक ९ गते जारी गरेको **"विशेष मौसमी बुलेटिनअनुसार"** बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्णब' को प्रभावले कात्तिक १२ गते बिहीबारदेखि नेपालको मौसममा परिवर्तन हुने सम्भावना रहेको छ। विशेषगरी कार्तिक १३ गते शुक्रबार र १४ गते शनिबार बागमती प्रदेशका धेरै स्थानमा मेघगर्जन, चटयाङ तथा हावाहुरीसहित मध्यम वर्षा र केही स्थानमा भारी वर्षा हुन सक्ने पूर्वानुमान गरिएको छ।

उक्त अवधिमा नदी तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, गेग्रान बहाब तथा डुबान हुन सक्ने र सडक तथा हवाई यातायात प्रभावित हुन सक्ने जोखिम रहेको छ। सम्भावित जनधनको क्षति तथा कृषि र पर्यटनलगायतका क्षेत्रमा पर्न सक्ने असरलाई कम गर्न आमनागरिक तथा सम्बन्धित सबै निकायलाई देहायबमोजिम सावधानी र पूर्वतयारी अपनाउन बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय अनुरोध गर्दछ ।

- काट्न तयार भएका धानलगायतका बाली सम्भव भएसम्म कार्तिक १२ गतेअगावै भित्र्याउने र काटिसकेको बाली सुरक्षित तथा ओभानो स्थानमा राखे। पशुचौपाया, बीउबिजन र खाद्यान्नसमेत सुरक्षित राखे।
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा पदयात्रा र पर्वतारोहणमा जाने कार्यक्रम मौसम अनुकूल नभएसम्म स्थगित गर्ने। यात्रामा रहेका पर्यटक तथा सहयोगीहरू सुरक्षित स्थानमा बस्ने र सम्बन्धित निकायको सल्लाहअनुसार मात्र यात्रा गर्ने।
- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भिरालो जमिन र डुबान हुन सक्ने क्षेत्रमा विशेष सतर्कता अपनाउने। बाढी आएको खोला तथा डुबान भएको सडक पार नगर्ने। चटयाङ तथा हावाहुरीका बेला खुला स्थान, अग्लो रूख र विद्युत् पोलको नजिक नबस्ने तथा सुरक्षित भवनभित्र आश्रय लिने।
- अत्यावश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि मौसम र सडकको अवस्थाबारे जानकारी लिने तथा जोखिमयुक्त सडकमा सवारी नचलाउने।
- जल तथा मौसम विज्ञान विभाग, सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने। अपुष्ट सूचना प्रसार नगर्ने।
- यस मन्त्रालय मातहतका सबै कार्यालय र कर्मचारीहरु संभावित आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि सजग र तयारी अवस्थामा रहने।

**मौसमसम्बन्धी जानकारीका लागि: ११५५, विपद् सहायता: १२३४, नेपाल प्रहरी: १००, सशस्त्र प्रहरी बल, नेपाल: ११९४, यस मन्त्रालयको Emergency Focal Person श्री जयस नेपाल: ९८५१२२०४१०, श्री राजु भण्डारी: ९८४५०२३९६४**

मिति: २०८३ कात्तिक ११ गते

मा. गिर बहादुर तामाङ
मन्त्री

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२१५८९, ०५७-५२३१७९ र ०५७-५२३८२९
इमेल: mosd@bagamati.gov.np, वेबसाइट: mosd.bagamati.gov.np